म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ८८ | बिहीबार २४ कात्तिक २०७९ | ने. सं. ११४३ कछलाथ्व | 10 November, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आजदेखि विद्यालयस्तरीय क्रिकेट

हेटौंडा, २३ कार्तिक/मकवानपुर क्रिकेट संघको आयोजनामा आज बिहीवारदेखि पूर्वक्रिकेटर स्वर्गीय निरज श्रेष्ठको स्मृतिमा जिल्लास्तरीय अन्तरविद्यालय क्रिकेट प्रतियोगिता हुँदैछ । प्रतियोगितामा हेटौंडाभित्रका सामुदायिक र संस्थागत विद्यालय गरी १२ वटा टिमले सहभागिता जनाउँदै छन् । प्रतियोगिताको प्रथम हुने टिमले ३० हजार र देस्रो हुनेले २० हजार रुपैयाँ पुरस्कार पाउने भएका छन् । हेटौंडा उपमहानगरपालिका-४ स्थित हुप्रचौरमा लिगकम नकआउटको आधारमा हुने प्रतियोगिताअन्तर्गत् प्रत्येक दिन दुई वटा खेल हुनेछन् । खेल बिहान र दिउसो गरेर खेलाइने आयोजकले जानकारी दिए । १ मंसिरमा फाइनल खेल खेलाइने मकवानपुर क्रिकेट संघ अध्यक्ष बासुलाल श्रेष्ठले जानकारी दिए । प्रतियोगिताको लागि ३ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ । जिल्लास्तरीय भनिएपनि हेटौंडाका मात्रै विद्यालयहरुको सहभागिता रहेको छ ।

# निर्वाचनमा मकवानपुरभर ३ हजार २ सय सुरक्षाकर्मी खटिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २३ कार्तिक/ मकवानपुरमा ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई केन्द्रित गरेर ३ हजार २ सय जना सुरक्षाकर्मी खटिने भएका छन् ।

जिल्लास्थित मतदान स्थलहरुमा नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी र म्यादी गरेर ३ हजार २ सय जना निर्वाचनमा परिचालन हुने भएका हुन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले सबै मतदान स्थलमा सुरक्षाकर्मी परि चालन गरेर निर्वाचनलाई सुरक्षित र शान्तिपूर्ण बनाइने बताए । मकवानपुरमा एक सय ६७ वटा मतदान स्थल छन् । जसमध्ये ६० वटा मतदान स्थल संवेदनशील छन् । सुरक्षाको दृष्टिकोणले मकवानपुरका १९ वटा मतदान स्थललाई अति संवेदनशीलको सूचिमा राखिएको छ । संवेदनशील मतदान स्थलको सूचिमा विकट गाउँपालिका र वडाहरुका मतदान स्थल रहेका छन् ।



संवेदनशील मतदान स्थलहरुमा सुरक्षाकर्मीहरु विशेष रुपमा खटिने छन् । निर्वाचनमा पहिलो सुरक्षा घेरामा म्यादी र जनपथ प्रहरी, दोस्रो घेरामा ससस्त्र प्रहरी र मतदान स्थल वरपर गरेर तेस्रो घेरामा नेपाली सेना खटाइने पाण्डेले जानकारी दिए । सबै भन्दा धेरै म्यादी प्रहरी एक हजार ६ सय ९९ जना, जनपथ प्रहरी एक हजार ६९ जना, ससस्त्र प्रहरी ४ सय जना, जना र अरु नेपाली सेना खटाउने तयारी गरिएको छ । सुरक्षाकर्मीहरु विशेषत: मतदान केन्द्र, मतपेटिका, मतपत्रको सुरक्षामा प्रहरी परिचालन गरिने जनाइएको छ ।

सशस्त्र प्रहरी र नेपाल प्रहरी मकवानपुरका मतदान स्थल वरपरको सुरक्षाका लागि खटाइसकिएको छ । अब नेपाल प्रहरी र म्यादी प्रहरी भने मतदान अधिकृत, सहायक अधिकृत र कर्मचारीहरुसँग मतपत्र लगायतका सामग्रीहरु लिएर पठाइने तयारी मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरको दश स्थानीय तह मध्येमा भौगोलिक विकटता, सडक सञ्जाल नपुगेको स्थान, झैझगडा तथा बदमासी हुने ठाउँ, विभिन्न जातजातीको बसोवास भएको लगायतका आधारमा मतदान स्थललाई अति संवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरिएको छ । अति संवेदनशील मानिएको स्थानमा निर्वाचन विरोधी गतिविधि हुन नदिन थप सुरक्षाकर्मी खटाइएको छ । मकवानपुरमा नेपाल प्रहरीहरु खटिराखेका कारागार, जिल्ला प्रशासन कार्यालयजस्ता ठाउँमा प्रहरीलाई नेपाली सेनाले निर्वाचन भरी पालो दिएर त्यो जनशक्ति पनि निर्वाचनमा खटाइएको छ ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अनुसार मकवानपुरमा ३ लाख ७ सय ३३ जना मतदाता रहेका छन् । जिल्लाको प्रदेशसभा क्षेत्र नम्बर १ को (क) मा ७७ हजार ९ सय ८९ जना र प्रदेशसभा १ को (ख) मा ७२ हजार १ सय ६६ मतदाता रहेका छन् । प्रदेशसभा क्षेत्र नम्बर २ को (क) मा ८३ हजार ९९ जना र प्रदेशसभा २ को (ख) मा ६७ हजार ४ सय ७९ जना मतदाता रहेका छन् ।

**मकवानपुरका १० पालिकामा १६९९ जना म्यादी**

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरका १० वटै पालिकामा १ हजार ६ सय ९९ जना म्यादी प्रहरी खटिएका छन् ।

मकवानपुरसहित बागमती प्रदेशका १३ वटै जिल्लामा गरेर प्रदेशभर १९ हजा ६ सय ७८ जना म्यादी प्रहरी खटिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । जिल्लास्थित प्रहरी कार्यालयमा भर्ना भई तालिम पश्चात प्रत्येक जिल्लाका पालिकाहरुमा म्यादी प्रहरी खटिएका हुन् । चितवनमा १ हजार ९ सय ९१ जना, सिन्धुपाल्चोकमा १ हजार ५ सय ७ जना, काभ्रेमा १ हजार ८ सय ८७ जना म्यादी प्रहरी खटिएका छन् ।


ललितपुरमा १ हजार ३ सय ८ जना, भक्तपुरमा ८ सय ८६ जना, काठमाडौंमा ३ हजार २ सय ७९ जना, नुवाकोटमा १ हजार ५ सय २० जना, धादिङमा १ हजार ६ सय ८८ जना, रसुवामा ३ सय ३० जना, सिन्धुलीमा १ हजार ४ सय १ जना, रामेछापमा १ हजार १ सय जना र दोलखामा १ हजार ८२ जना म्यादी प्रहरी खटिएको जनाइएको छ । निर्वाचनमा थप जनशक्ति परिचालनका रुपमा सर कारले हरेक निर्वाचनमा अस्थायी रुपमा म्यादी प्रहरी भर्ना लिने र परिचालन गर्ने गरेको छ । उनीहरुको समयावधि निर्वाचनसम्मका लागि मात्रै हुने गरेको छ । छोटो समयको सेवापछि आकर्षक कमाईका लागि पछिल्लो समय युवापुस्ताहरुमा म्यादीमा भर्ना हुने लहर नै चलेको थियो ।

निर्वाचन केन्द्र र मतदान स्थलको संवेदनशीलताका आधारमा जिल्लागत रुपमा म्यादी प्रहरीको संख्या निर्धारण गरिएको छ । देशभर १ लाख १५ हजार म्यादी प्रहरीलाई तालिम दिएर निर्वाचन सुरक्षामा परिचालन गरिएको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ । म्यादी प्रहरीले असोज ३० बाट नियुक्तिपत्र लिएका हुन् । सुरक्षासम्बन्धी करिब एक साताको तामिल पुरा गरेका म्यादी प्रहरीहरु ४० कार्यदिन निर्वाचन सुरक्षामा खटिने छन् । मंसिर ४ मा निर्वाचन सम्पन्न भएपछि म्यादीलाई थप ४ दिन परिचालन गरिने जनाइएको छ । देशका ७७ जिल्लामध्ये मनाङमा सबैभन्दा थोरै २ सय २८ जना म्यादी प्रहरी परिचालन गरिएको छ ।

# विकास र समृद्धिको गन्तव्य पूरा गर्न एमाले: पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मुलुकमा विकास र समृद्धिको गन्तव्य पूरा गर्न एमाले सरकार अपरिहार्य रहेको बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले बताएका छन् ।



नेकपा एमालेको कार्यभार 'समृद्ध नेपाल, सुखी नेपाली'को जनआकांक्षा सम्बोधन गर्नु रहेको भन्दै मंसिर ४ गते हुने निर्वाचनमा एमालेले जित्नुपर्ने उनले बताए । हेटौंडा-१० मा आयोजित कार्यक्रममा बोल्दै उनले एमाले सरकारमा रहँदा बिकास र समृद्धिको लागि एमालेले सदैव अथक प्रयास गर्दै आएको पौडेलको दाबी थियो । नेकपा एमालेले घोषणामा मात्र परिवर्तन हैन जनताको जीवनमा समेत प्रभाव पार्नेगरी काम गर्ने उनको भनाई थियो । जनताले देखेका सपनालाई यथार्थतामा बदल्ने संकल्प र प्रतिवद्धता एमालेले गरेको उनले जानकारी दिए ।

औद्योगिक क्षेत्रको विकास गर्दै रोजगारीका लागि एमालेले उद्योग स्थापनामा जोड दिएको पौडेलले बताए । मत पाउन जनताको मन जित्नुपर्ने पनि उनको भनाई छ । टोल-टोलमा एमाले सरकारले गरेका कामहरुको परिणाम धमाधम देखिरहेको पौडेलले बताएका छन् । हाल प्रदेशमा १८ जना मन्त्री गठबन्धन फकाउने उद्देश्यबाट गठन गरिएको उनले आरोप लगाए । गठबन्धनको भाग पुऱ्याउन जनताको करको दुरुपयोग भएको पौडेल बताउँछन् । देश बनाउने समृद्धि ल्याउने चुनाव भएको एमाले बाहेकको विकल्प जनताले नखोज्ने उनको भनाई छ ।

नेकपा एमालेका प्रदेश कमिटीका सदस्य एव्म मकवानपुर क्षेत्र नम्बर १ ख का निर्वाचन परिचालन कमिटी संयोजक रघुनाथ खुलालले एमाले विचार, सोच, कार्यक्रम भएको पार्टी भएको बताए । देश हाँक्ने र देश विकास गर्ने नेतृत्व एमालेसँग मात्र भएको उनको भनाइ छ । सक्षम नेतृत्वका कारण राष्ट्रियता, स्वाधीनता, समृद्धि बनाउँदै देशलाई अगाडि लैजाने उनले बताए । यसैगरी प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ को (ख) मा एमालेका उम्मेदवार एकालाल श्रेष्ठले आगामी निर्वाचनको परिणाम नेकपा एमालेको पक्षमा आउने बताए । बुधबार हेटौंडा-६,७ तथा २ नम्बर वडाको घर दैलो अभियान तथा कोणसभाका क्रममा उम्मेद्वार श्रेष्ठले एमालेले उठाएका विषयहरु जनताले बुझेको भन्दै निर्वाचनको परिणाम एमालेको पक्षमा आउने बताएका छन् ।

एमालेले उठाएका विषयहरुलाई मुर्तरुप दिनका लागि जनताको साथ र समर्थन एमालेले पाइरहेको र आगामी निर्वाचनमा पनि पाउने बताए । निर्वाचनमा नेपाली कांग्रेस नेतृत्वको गठबन्धनका तर्फबाट फैलाइएका विभिन्न भ्रमहरु जनताले बुझिसकेको श्रेष्ठले बताए । एमालेले उठाएका राजनीतिक स्थायीत्व, राष्ट्रिय हितको रक्षा, सुशासन, आर्थिक विकास र समृद्धि लगायतका मुद्दाहरुलाई जनताले महशुस गरेको बताए ।

# हारको मानसिकताले विपक्षिहरु आत्तिए: डीना

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ नेपाली काङ्ग्रेसकी सहमहामन्त्री तथा सत्तारुढ गठबन्धनबाट मकवानपुर क्षेत्र नम्बर १ कि उम्मेदवार महालक्ष्मी उपाध्याय 'डिना' ले हारको मानसिकताले विपक्षिहरु आत्तिएको बताएकी छन् ।

बुधबार हेटौंडा-४ स्थित पशुपति सभा हलमा आयोजित गठबन्धनको चुनावी सभा तथा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । विपक्षीहरु दलका उम्मेदवारहरु अहिले अनेक भ्रम छर्दै गठबन्धनका उम्मेदवारहरु हराउन लागिरहेको भन्दै उहाँले कार्यकर्तालाई सचेत रहन आग्रह गरिन्। डिनाले गठबन्धनको जित सुनिश्चित देखेर विरोधीले 'अनर्गल' प्रचार गर्न थालेको आरोप लगाइन् ।

'म बकैया जाँदा एकजना बयस्कले म माओवादी हुँ तर म गठबन्धनलाई भोट हाल्दिन, जित्दा पनि जित्दैन, कांग्रेसलाई नि कसैले भोट हाल्छ भन्दै हिँडेको देखे । पछि बुझ्दा उनी एमालेकै कार्यकर्ता र हेछन्', डिनाले भनिन्, 'यो त एउटा उदाहरण मात्र हो, अहिले चोक चौतारामा दिनभर चिया खाँदै गठबन्धनले जित्दैन, गठबन्धन दलबीच राम्रो छैन ।

फलानोले हार्छ, फलानोले जित्छ भन्दै बसेको पाउन सकिन्छ । यो विरोधीले गरेको हत्कण्डा हो, हामीले यसलाई चिर्न जरुरी छ ।' उनले आफ्नो जित सुनिश्चित भइसकेको र अब मंसिर ४ मात्र कुर्न बाँकी रहेको दावी गरिन् । डिनाले आफु विपक्षी उम्मेदवार भन्दा २० हजार मतले जित्ने दाबी गरिन् । उनले आफु अहिले मकवानपुरे जनतासँग काम गर्न चाहेर प्रत्यक्षतर्फको चुनाव लड्न थालेको बताइन् ।

स्वच्छ प्रतिस्पर्धाको निम्ति तयार रहन उनले प्रतिस्पर्धीहरुलाई अनुरोध गरिन् । पटक पटक पदमा रहँदा जिल्लाको विकासमा सिन्को नभाँच्ने र बर्षौंसम्म हराएर बस्नेहरुले अहिले फोस्रो नारा र झुटो आश्वासन दिइरहेको भन्दै उनले त्यस्ताको पछि नलाग्न कार्यकर्तालाई अनुरोध गरिन् ।

# मकवानपुरको विकास गर्न गठबन्धनलाई भोट दिन पराजुलीको अनुरोध

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मकवानपुर क्षेत्र नम्बर १ को प्रदेशसभा 'ख' का उम्मेदवार कांग्रेस नेता आनन्दराम पराजुलीले मुलुकको स्थायित्व, लोकतन्त्र र संविधानको रक्षा एवम् जिल्लाको विकासका लागि गठबन्धनका उम्मेदवारलाई मतदान गर्न अनुरोध गरेका छन् ।

हेटौंडा ४ को चुनावी सभामा उनले मुलुकको विकास र समृद्धिका लागि केन्द्रका नेताहरुले सुझबुझपूर्ण निर्णयसहित गठबन्धन गरेको भन्दै मुलुकको स्थायित्व, लोकतन्त्र र संविधानको रक्षा एवम् जिल्लाको विकासका लागि गठबन्धनका उम्मेदवारलाई मतदान गर्न अनुरोध गरेका हुन् ।

'आफ्नो चुनाव चिन्ह अर्कालाई बेच्ने, अर्काको चुनाव चिन्ह किन्ने र पटकपटक मन्त्री हुँदा, केन्द्रदेखि प्रदेश र स्थानीय सम्म आफ्नै पार्टीको सरकार हुँदा पनि केही गर्न नसक्नेहरु अहिले अनेक आश्वासन बाँड्न आइरहेका छन्', पराजुलीलले भने, 'मुलुकलाई समस्या पर्दा, संविधान र व्यवस्था नै खतरामा पर्दा जोगाउन लागिपरेका दलहरुले अहिले मुलुकको आवश्यकता अनुसार पवित्र उद्देश्यले गठबन्धन गरेको हो ।

मकवानपुरसहित देशैभर गठबन्धनले जित्नेछ, चुनावपछि गठबन्धनकै सरकार बन्नेछ ।' सधैं हावादारी कुरा गर्ने, जनतामाथि मजाक र खिल्ली गर्ने एमालेबाट मुलुकको विकास र समृद्धि सम्भव नभएको उनको भनाई थियो । मकवानपुरमा गठबन्धनका उम्मेदवार-हरुको जित सुनिश्चित भैसकेको दावी गर्दै उनले यही माहौल र मतलाई जोगाइराख्न गठबन्धन दलका नेता कार्यकर्ताहरुलाई अनुरोध गरे । चोकचौतारामा बसेर भ्रम छिर्नेहरुसंग सतर्क रहन आग्रह गर्दै पराजुलीले त्यस्ताहरुलाई प्रतिवाद गर्न समेत आग्रह गरे । हरेक क्षेत्रका जानकार हरुसंगको सल्लाह र सुझाव लिएर जिल्लाको समग्र विकासमा एक भएर लाग्ने उनको प्रतिबद्धता थियो ।

हेटौंडा ४ का प्रचार प्रसार संयोजक हरि पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय उपाध्यक्ष एवम् बागमती प्रदेश इन्चार्ज केदारप्रसाद न्यौपाने, स्थायी कमिटी सदस्य एवम् मकवानपुर इन्चार्ज ललित बस्नेत, माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, कांग्रेसको तर्फबाट समानुपातिक उम्मेदवार उमा दाहाल, हेटौंडा उपमहानगर सभापति उत्सव इटेनी, माओवादी केन्द्रका नगर अध्यक्ष तीर्थबहादुर थापा, नेकपा एसका उपमहानगर अध्यक्ष ध्रुब भुजेल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# उम्मेदवार खतिवडालाई दुर्व्यवहार गर्ने खड्का छुटे

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मकवानपुर २ बाट गठबन्धनका उम्मेद्वार विरोध खतिवडालाई दुर्व्यवहार गर्ने छुटेका छन् ।

खतिवडाकै आग्रहमा बुधबार उनीमाथी दुर्व्यवहार गर्ने हेटौंडा २ का पुरुषोत्तम खड्कालाई प्रहरीले छोडेको हो । पूर्व स्वाथ्य तथा जनसख्यामन्त्री समेत रहेका एकीकृत समाजवादीका नेता खतिवडालाई मंगलबार मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेमा चुनावी सभामा गएका बेला मादक पदार्थ सेवन गरेका खड्काले दुर्व्यबहार गरेका थिए । आफूलाई दुर्व्यबहार गरेपछि प्रहरीको नियन्त्रणमा रहेका खड्कालाई कुनै कारबाही नगरी रिहा गरिदिन उम्मेद्वार खतिवडाले मकवानपुरका प्रहरी उपरीक्षक वामदेव गौतमलाई आग्रह गरेका थिए ।

खतिवडाको आग्रह बमोजिम आफन्तको जिम्मा लगाई खड्कालाई छाडिएको मकवानपुर का प्रहरी प्रबक्ता टेकबहादुर कार्कीले जानकारी दिए । खतिवडा २०४८, ०५१, ०५६ र ०७४ मा निर्वाचित भइसकेका सांसद हुन् । आफू गठबन्धनका तर्फबाट साझा उम्मेदवार रही अत्यधिक मतसहित जित्ने निश्चित देखिएपछि हारको मानसिकता बोकेकाले मादक पदार्थ खुवाएर पठाइएर आफूमाथि दुर्व्यबहार गर इएको खतिवडाको भनाई छ । हारुदेखि अत्तालिएकाबाट त्यस्तो गलत व्यवहार भएपनि आफूले त्यसलाई सामान्य रुपमा लिएर दुर्व्यबहार गर्नेलाई छाडिएको खतिवडाको भनाई छ । मनहरी ४ मा मंगलबार उम्मेद्वार खतिवडामाथि हातपात भएको भन्दै समाचार सार्वजनिक भएको थियो ।

# उपमहानगगर र संघबीच सहमति, आन्दोलन स्थगित



साझाकुरा संवाददाता

हेटौंडा, २३ कार्तिक/ जग्गा वर्गीकरणको विषयलाई लिएर भएको हेटौंडा उपमहानगरपालिका र घरजग्गा व्यवसायी संघबीचको विवाद मिलेको छ ।

मकवानपुर घरजग्गा व्यवसायी संघले मंगलबार उपमहा-नगरपालिका कार्यालयमा धर्ना दिएसँगै बुधवार विवाद मिलेको हो । उपमहानगरपालिका र संघबीच बुधवार भएको वार्तापछि संघले चरणवद्ध आन्दोलनका कार्यक्रम स्थगन गरेको छ । उपमहानगर पालिकामा भएको छलफलमा कार्यालयले ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन पश्चात जग्गा वर्गीकरणको काम अगाडि बढाउने विषयमा सहमति जनाएको हो । संघले जग्गा वर्गीकरणको कामलाई अलमल्याउन खाजेको भन्दै हेटौंडा उपमहानगरपालिकामा तालाबन्दीलगायतका आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको थियो । जसअनुसार मंगलबार संघले धर्ना दिनुका साथै उपमहानगरलाई ध्यानाकर्षण पत्र बुझाएको थियो ।

निर्वाचनपछि जग्गा वर्गीकरणका कामहरुलाई अगाडि बढाउने मौखिक सहमतिपछि संघले बुधबारदेखि आफ्ना सबै आन्दोलनका कार्यक्रमहरु फिर्ता लिएको हो । हेटौडा उपमहानगरपालिकाको प्रवक्ता तथा १ नम्बर वडाका वडा अध्यक्ष सविन न्यौपानेले निर्वाचन आचरसहिंताका कारण नीतिगत निर्णयहरु गर्न समस्या भएकाले मंसिर ४ गतेको निर्वाचनपछि जग्गा वर्गीकरणका कार्यहरु अगाडि बढाउने बताए । उपमहानगरले नीति र विधिलाई ध्यान दिँदै सबै पक्षको समस्या समाधान गर्न लागिपर्ने उनको भनाई छ ।

मेयर मिनाकुमारी लामा र संघका अध्यक्ष ध्रुव घिमिरे र सल्लाहकार हेम अधिकारीबीच उपमहानगरमै जग्गा वर्गीकरणको विषयमा विवाद भएपछि संघले आन्दोलनमा जाने घोषणा गरेको थियो । संलले मेयरलाई जग्गा वर्गीकरण तत्काल गर्न दबाब दिएपनि मेयर लामाले निर्वाचन आचार संहिताका कारण उक्त काम गर्न तत्काल नसकिने बताएकी थिइन् । तर, संघका अध्यक्ष घिमिरेले मेयर लामालाई 'देखाइदिने' भाषा प्रयोग गर्दै धम्की दिएका थिए । घिमिरेले भने मेयरले आफूहरुमाथि अपशब्द बोलेको र अभद्र व्यवहार गरेको आरोप लगाएका थिए । बुधवार घिमिरेले मेयर लामाले व्यवसायीहरुको समस्यालाई समस्या समाधान गर्न तयार रहेको बताएका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्यााँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

**हाम्रो कुरा**

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाकलापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक २५ गते शुक्रबार ११ नोभेम्बर २०२२ । कात्तिक तृतिया मार्ग कृष्णपक्ष। कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२२, सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रयासहरु फलदायी हुने | **तुला** | : लेनदेनको विवाद बढ्ने |
| **वृष** | : कुरा काट्नेहरु सक्रियता | **वृश्चिक** | : स्वास्थ्यमा सुधार हुने |
| **मिथुन** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **धनु** | : अध्ययनमा प्रगति हुने |
| **कर्कट** | : अरुको विश्वास जित्न सकिने | **मकर** | : रोग एवम् चिन्ता बढ्ने |
| **सिंह** | : चिन्ता बढ्ने | **कुम्भ** | : व्यवसायबाट लाभ पाइने |
| **कन्या** | : मान मर्यादामा वृद्धि | **मीन** | : जिम्मेवारी पूरा गर्न सकिने |

# राजनीतिमा सिद्धान्तहीनता, उपचार के ?



**मोहन तिम्सिना**

*जबसम्म असिद्धान्तको आडम्बर त्यागिदैन, तबसम्म सिद्धान्तहीनताको उपचार हुन सक्दैन । आजका सामाजिक समस्याको समाधान र नयाँ नेतृत्वको विकास पनि हुँदैन ।*

देशैभर चुनावी माहोल छ । यो माहोल बीच नेताहरू झन्झन् सिद्धान्तहीन हुँदै गएका छन् । सबै नेताको एकसूत्रीय एजेण्डा छ - जसरी भए पनि चुनाव जित्ने । यो एजेण्डाका लागि जो, जो-सुकैसँग मिल्न तयार छ । अब कोही कसैको दुश्मन रहेन । कोही कसैको मित्र पनि रहेन । सबै आ-आफ्ना सिद्धान्तबाट च्यूत भएका छन् ।

सिद्धान्त केही होइन, क्षणिक फाइदाका लागि जे गरे पनि हुन्छ । यस्तो अनौठो भाष्य स्थापित हुँदै गएको छ । यही मान्यताका आधारमा गठबन्धन बनेका छन् । तीन दशक पुराना पात्र यस्तै गठबन्धनको सहारामा पुन: सत्तासीन हुन बल गरिरहेका छन् ।

यस्तो खालको राजनीतिले मुलुकलाई कता लैजाला ? किन सबै दलका नेता सिद्धान्तहीन हुँदै गएका होलान् ? किन नेपाली राजनीतिमा नयाँ सोच र नयाँ नेतृत्व स्थापित हुन नसकेको होला ? यस्तो प्रश्नमा विद्वानहरू चिन्ता त गर्दछन्, तर चिन्तन भने कमै गर्दछन् ।

धेरैजसो मानिस, राजनीतिमा सिद्धान्तहीनलाई गलत मान्दछन् । उनीहरू भन्छन्, नेता गलत हुन्, यिनीहरू सच्चिनुपर्दछ, सिद्धान्तनिष्ठ हुनुपर्दछ ।

यद्यपि यहाँ एउटा अनौठो तथ्यबारे चर्चा गर्न खोजिंदैछ । आजको राजनीतिमा सिद्धान्तहीन एक स्वाभाविक परिघटना हो । यस्तो परिघटनालाई स्वाभाविक मान्नुपर्दछ । नेताहरूमा देखा परेको विचलनलाई पनि स्वाभाविक नै मान्नुपर्दछ ।

यति भनिसक्दा पाठकहरूमा किन ? कसरी ? जस्ता जिज्ञासा पैदा भएको हुनुपर्दछ । आउनुहोस् यसै विषयमा संक्षिप्त चर्चा गरौं ।

***सिद्धान्त/असिद्धान्त***

पुरानो विज्ञान (शास्त्रीय विज्ञान) भन्थ्यो- हाम्रा इन्द्रीयले देखेको संसार वास्तविक र शाश्वत छ । यो संसार सुनिश्चित नियमद्वारा संचालित छ । हामीले बौद्धिक प्रयत्नबाट संसार संचालनको त्यो सुनिश्चित नियम जान्न सक्दछौं । त्यही नियम नै सिद्धान्त हो । यस्ता सिद्धान्तले प्रकृति र जीवनबारे वास्तविक तथ्य उजागर गर्दछन् ।

नयाँ विज्ञान (आधुनिक विज्ञान) यसो भन्दैन । नयाँ विज्ञान यसको ठिक विपरीत कुरा गर्दछ । नयाँ विज्ञान भन्छ- अस्तित्व यति विराट छ, त्यसको छेउमा हाम्रो बुद्धि, शब्द र भाषा रौं बराबर पनि छैन । अस्तित्वको सम्पूर्ण नियम हाम्रो शब्द, भाषा र बौद्धिक क्षमताबाट अभिव्यक्त हुन नै सक्दैन । अस्तित्वको शाश्वत नियम अनिर्वचनीय छ । हाम्रा सिद्धान्तहरू अस्तित्वका सम्बन्धमा 'नगन्य सत्य' मात्र हुन् । सम्पूर्ण सत्य होइनन् ।

आधुनिक विज्ञानले सिद्धान्तको परिभाषालाई यसरी बदलिदिएको छ । आजको अर्थमा सिद्धान्त त्यो हो, जसले प्रकृति वा जीवनको आन्तरिक स्वभावको नगन्य अंशलाई शब्द र भाषामा अभिव्यक्त गर्दछ । आधुनिक विज्ञान यो पनि भन्छ - अस्तित्वका तीन आयाम छन् - स्थूल, सूक्ष्म र शून्य । सिद्धान्त पनि यिनै तीन आयामसँग सम्बन्धित हुन्छन् ।

स्मरणीय तथ्य यो हो कि, अस्तित्वको शून्य आयाम मात्र अनिर्वचनीय हुने हो । नत्र, सिद्धान्तहरू जुन तहका लागि बनेका हुन् सोही तहमा पूरापूर सान्दर्भिक हुन्छन् । यदि स्थूल तहको सिद्धान्त हो भने त्यसले स्थूल तहमा ठीक ढंगले काम गर्दछ । सूक्ष्म तहको सिद्धान्त हो भने सूक्ष्म तहमा उस्तै काम गर्दछ ।

यद्यपि, सूक्ष्म सिद्धान्त हाम्रो तर्क र बुद्धिको समझमा आउन मुश्किल हुन सक्छ । सूक्ष्म सिद्धान्त हाम्रो बुद्धिसम्मत ज्ञानको ठिक विपरीत जस्तो देखिन सक्छ । तैपनि तिनीहरू यथार्थ र सही नै हुन्छन् । त्यस्ता सिद्धान्तलाई बुझ्न व्यक्तिले आफ्नै मिहिनेत बढाउनु बाहेक अरू उपाय हुँदैन । सूक्ष्म सिद्धान्त बुझ्न, व्यक्तिले बुद्धि होइन, बोध बढाउन जरूरी हुन्छ ।

सिद्धान्त भन्ने बित्तिकै त्यो व्यवहार सँग जोडिन्छ । व्यवहारमा लागू नहुने वा लागू गर्न कठिन हुने धारणा सिद्धान्त नै होइन, असिद्धान्त हो । यथार्थ नियम (सिद्धान्त) र व्यवहारमा कुनै भेद नै हुँदैन । नियम (सिद्धान्त) स्वयं नै प्रकृति वा जीवन हो । यसलाई लागू गर्ने भन्ने प्रश्नै उठ्दैन । स्वत: व्यवहारमा लागू हुन्छ । यदि कुनै सिद्धान्त व्यवहारमा लागू भएन भने यो बुझ्नु पऱ्यो कि त्यसले प्रकृति र जीवनको यथार्थ नियम पक्रिएको छैन । त्यो सिद्धान्त होइन, असिद्धान्त हो ।

उदाहरणमा हेरौं, पृथ्वीको सतहभन्दा माथि रहेका जुनसुकै वस्तु गुरुत्वाकर्षण बलका कारण पृथ्वीतर्फ तानिन्छन् । पानीलाई १०० डिग्रीमा तताउँदा बाफ बन्दछ । पानीलाई शून्य डिग्रीसम्म चिसो बनाउँदा बरफ बन्छ । यी प्रकृतिका स्थूल सिद्धान्त हुन् । प्रकृतिको स्थूल तहमा यी सिद्धान्त र व्यवहारबीच कुनै भेद हुँदैन । त्यसकारण यी सिद्धान्त हुन् ।

सामाजिक सिद्धान्तहरूमा पनि यो गुण देखिनुपर्दछ । सामाजिक सिद्धान्त भनिएका नियम र व्यवहारबीच विरोधाभास देखिनुहुँदैन । यदि यसो भयो भने मात्र ती नियम सिद्धान्त हुन् । नत्र ती असिद्धान्त हुन् ।

***विरोधाभास***

हाम्रो बीचमा सयौं वर्षदेखि प्रचलित राजनीतिक विचारधारा साँच्चै सिद्धान्त हुन् त ? विचार गरौं । एकथरी शास्त्रीय चिन्तक भन्दछन्- समाजको गति गणितीय हुन्छ । समाज आदिम युग, अर्ध-सभ्य युग, हुँदै सभ्य युगसम्म आएको हो । मानिस सभ्य हुँदै गएपछि उदारवादी समाज बनाउँछ । त्यस्तो समाजमा व्यक्तिगत तथा व्यावसायिक स्वतन्त्रता हुन्छ । त्यही स्वतन्त्रताले मानिसको सर्वाङ्गीण उन्नति र प्रगतिको आधार पैदा गर्दछ ।

अर्कोथरी शास्त्रीय चिन्तक भन्दछन् - समाज आदिम युग, दास युग, सामन्ती युग, पूँजीवादी युग, समाजवादी युग हुँदै साम्यवादी युगमा पुग्छ । निजी धनका कारण समाजमा गरिबी र असमानता पैदा भएको हो । गरिब र धनीबीच खाडल बढ्दै गएपछि गरिबहरू एकजुट हुन्छन् र वर्ग मास्ने क्रान्ति गर्दछन् ।

वर्ग मासेपछि सबै मानिसको भौतिक आवश्यकता पूरा हुन्छ । तब मानव जातिले 'आवश्यकताको संसारबाट स्वतन्त्रताको संसार'मा फड्को हान्दछन् । यही वर्गीय समानतासहितको स्वतन्त्रताले मानिसको सर्वाङ्गीण उन्नति र प्रगतिको आधार पैदा गर्दछ ।

हामीले सिद्धान्तका नाममा आजसम्म सुन्दै आएका कुरा यस्तै हुन् । केही चिन्तकले माथिकै भाष्यमा थोरैतिनो काँटछाँट गरेर नयाँ सिद्धान्त बनाउने प्रयास नगरेका होइनन् । तर आजसम्म प्रचलित यस्ता कुनै पनि सिद्धान्तको सफल कार्यान्वयन हुन सकेन । अर्थात्, सिद्धान्त र व्यवहारबीच कुनै तालमेल बनेको देखिएन ।

समाज आजसम्म गणितीय चालमा चलेको छैन । इतिहास रेलको डिब्बा जस्तो सर्लक्क ३ युग वा ६ युगमा विकास भएको छैन । जुन दिन मानव जाति पैदा भयो, त्यसयता मानिसले प्रगति गरेको भनेको जम्माजम्मी प्रविधिमा हो । मानवीय प्रवृत्ति त इतिहासदेखि आजसम्म एउटै छ, बदलिएको छैन ।

मानिस क्रमश: सभ्य हुँदै गएको कुरा यथार्थ होइन । बरु जति मात्रामा प्रविधि विकास हुँदैछ, त्यति नै मात्रामा मानिस असभ्य र स्वार्थी पनि हुँदै गएको छ । मानिसले जति 'सुख' बढाइरहेको छ, त्यति नै मात्रामा 'दु:ख' पनि बढाइरहेको छ । जति 'विकास' गरिरहेको छ, त्यति नै मात्रामा 'विनाश' पनि गरिरहेको छ । जति 'शान्ति' को कुरा गरिरहेछ, त्यति नै 'हिंस्रक' पनि भइरहेको छ ।

अर्कोतिर, मानिसले वर्ग मास्ने कोसिस त गऱ्यो, तर सकेन । धनमा आधारित वर्ग मासे पनि पदमा आधारित वर्ग पैदा भयो । पदमा आधारित वर्ग समाजले खतरनाक निरंकुशता र विभेदको अभ्यास गऱ्यो । 'आवश्यकताको संसार बाट स्वतन्त्रताको संसार' मा फड्को हानेको देखिएन ।

सारमा यहाँ उदारवादी वा समाजवादी वा साम्यवादी वा कल्याणवादी वा राष्ट्रवादी, कुनै सिद्धान्त सफल कार्यान्वयन भएको देखिएन । समाजको चरित्र र हाम्रा नेताको हविगत हेर्दा, भोलिका दिनमा पनि यो कार्यान्वयन हुँदैन भन्ने स्पष्ट छ ।

यी तथ्यले बताउँछन्, आजसम्म सिद्धान्तका नाममा हामीले सुन्दै आएका धारणा व्यवहारद्वारा सिद्ध छैनन् । त्यसकारण यिनीहरू असिद्धान्त हुन् ।

***नेताको दोष***

जुन कुरा व्यवहारमा लागू हुन सक्दैन, त्यही असिद्धान्त हो । जब व्यवहारमा लागू हुनै नसक्ने कुरा जबरजस्ती लागू गर्ने प्रयत्न गरिन्छ, तब त्यसले दुईखाले परिणाम दिन्छ । पहिलो, उद्देश्यबाटै पलायन हुनुपर्ने हुन्छ । दोस्रो, बोली र व्यवहारको टुंगो नभएको अस्थिर, ढोंगी र पाखण्डी पात्र बन्नुपर्ने हुन्छ ।

यतिबेलाका हाम्रा दल र नेताहरूको हविगत ठिक यस्तै छ । एकथरी राजनीतिबाट पलायन हुन बाध्य भए । अर्कोथरी कुनै अडान र टुंगो नभएका ढोंगी र पाखण्डी पात्रमा रूपान्तरण भएका छन् ।नेताले सिद्धान्त र असिद्धान्त चिन्न सकेनन् । असिद्धान्तलाई नै सिद्धान्त भन्दै हिंडिरहे । तब उनीहरूको बोली र व्यवहारको तालमेल मिलेन । बोली एकथोक व्यवहार अर्कोथोक भयो । यही परिघटनालाई हामीले सिद्धान्तहीनता भन्यौं ।

सिद्धान्तका नाममा असिद्धान्त बोकेर हिंड्दा नै यो सबै भएको हो । हाम्रा नेता शास्त्रीय चेतनाको भ्रमजालमा कैद हुनु नै यसो हुनुको मूल कारक हो । यो भ्रमजालबाट मुक्त नभएसम्म राजनीतिमा सिद्धान्तहीनता एक स्वाभाविक परिघटना बनिरहन्छ ।

***सिद्धान्तको नमूना***

समाज भन्ने कुनै अलग्गै तत्व हुँदैन । समाज भन्नु नै व्यक्तिहरूका सम्बन्धको जोड हो । सामाजिक सिद्धान्त ठिक हुनका लागि एउटै शर्त हुन्छ- व्यक्तिका वास्तविक स्वभावको पहिचान । यदि व्यक्तिलाई ठिक ढंगले चिनिएको छ भने समाजको स्वभाव पनि चिनिन्छ । तब समाजको स्वभावका सम्बन्धमा गरिएको प्रक्षेपण पनि ठिक हुन्छ । सामाजिक सिद्धान्त पनि वास्तविक सिद्धान्त बन्न सक्छन् ।

तर यदि व्यक्तिलाई ठिक ढंगले चिनिएको छैन भने समाजलाई पनि चिन्न सकिन्न । तब सामाजिक स्वभावका सम्बन्धमा गरिएको प्रक्षेपण पनि गलत हुन्छ । ठिक यही अवस्थामा सामाजिक सिद्धान्त, असिद्धान्त बन्दछन् ।

व्यक्तिलाई चिन्ने सवालमा शास्त्रीय चिन्तकले केही गल्ती गरेका छन् । यिनै गल्तीका कारण शास्त्रीय युगका सारा सिद्धान्त असिद्धान्त बन्न पुगे ।

**पहिलो गल्ती** : शास्त्रीय चिन्तकले व्यक्तिलाई प्रामाणिक स्वभाव भएको प्राणी माने । शास्त्रीय मनोविज्ञानको 'प्रतिबिम्बन सिद्धान्त' लाई पक्रिएर यिनीहरूले मानिसको चेतनाको पनि गणितीय परिभाषा गरे । सामाजिक चेतनालाई नै सबथोक माने । आत्मिक गुणधर्मलाई बेवास्ता गरे ।

**दोस्रो गल्ती** : मानव जातिको अन्तिम खोज भनेकै भौतिक सुखको खोज हो भने । भौतिक सुख प्राप्तिलाई राजनीतिको लक्ष्य बनाए । यही आधारमा राजनीतिक विचारधारा निर्माण गरे । माथिका दुवै निष्कर्ष व्यक्ति -मानिस) को स्वभावको विपरीत थिए ।

आधुनिक मनोविज्ञान भन्छ- सामाजिक चेतनाका हिसाबले मानिस सबै समान छन्, तर गुणवत्ताका हिसाबले भिन्न पनि छन् । यो संसारमा मानिस मात्र यस्तो प्राणी हो जसको कुनै प्रामाणिक स्वभाव छैन । पशु प्रामाणिक छ । पशुमा विचलन पनि छैन, रूपान्तरणको संभावना पनि छैन । तर मानिस तरल छ । उभित्र अस्थिरता र रूपान्तरणीय स्वभाव छ ।

ऋषिहरूले पनि हजारौं वर्ष पहिलेदेखि यही कुरा भन्दै आएका हुन् । मानिस एक अर्थमा 'पशु' नै हो । तर ऊभित्र 'पशुपतिनाथ' (बुद्धत्व) सम्मको यात्रा गर्न सक्ने क्षमता छ । कसले चेतनाको विकासलाई कहाँसम्म विस्तार गर्छ ? यो व्यक्ति-विशेषको लगाव र गुणवत्तामा भर पर्दछ । यद्यपि बुद्धत्वको क्षमता विशिष्ट हो, आम होइन । आम मानिस त 'पशु' र 'पशुपतिनाथ' प्रवृत्तिको बीचमा दायाँ-बायाँ गरेर हन्छन् । यसकारण, बुद्धत्वको स्वभाव सामाजिक सिद्धान्त निर्माणको आधार बन्न सक्दैन । मानिसको 'आम स्वभाव'नै सामाजिक सिद्धान्त निर्माणको आधार बन्दछ, बन्नुपर्दछ ।

आधुनिक मनोविज्ञानको दोस्रो स्वीकारोक्ति, भौतिक सुख वैयक्तिक र राजनीतिक आन्दोलनको साधन बन्नुपर्दछ, लक्ष्य बन्नुहुँदैन भन्ने हो । मानिस अन्तत: आनन्द वा खुसीका लागि सक्रिय रहन्छ । उसका सारा प्रयत्न भौतिक सुखका लागि होइन, आत्मिक खुसीका लागि केन्द्रित हुन्छन् ।

भौतिक सुख मनुष्य जीवनका लागि जरूरी छ, तर यसले आनन्द वा खुसीको ग्यारेन्टी गर्दैन । केवल सहयोगी भूमिका मात्र खेल्दछ । गुणधर्म अनुसारको कर्मले मात्र व्यक्तिलाई खुसीसम्म पुऱ्याउँछ । यसकारण भौतिक सुख प्राप्ति राजनीतिक वा वैयक्तिक जीवनको लक्ष्य बन्नुहुँदैन । निजत्वको प्रस्फुटन वा आत्मिक खुसीको सिर्जना चाहिं लक्ष्य बन्नुपर्दछ ।

विज्ञानका यी तथ्यलाई राजनीतिक विचारधारामा आत्मसात् गर्ने बित्तिकै केही फरक निष्कर्षतर्फ पुगिन्छ । जसले वैकल्पिक वा वास्तविक सिद्धान्त स्थापित गर्दछ ।

जस्तो कि, सामाजिक चेतनाका हिसाबले सबै मानिस उस्तै स्वभावका छन् । उस्तै भन्नुको अर्थ सबै मानिस काम, क्रोध, लोभ, मोह र अहंकारद्वारा निर्देशित हुन्छन् । उत्पत्तिदेखि आजसम्म मानिसको यो गुणधर्ममा परिवर्तन आएको छैन । यही गुणले मानिसलाई तरल प्राणी बनाएको हो । मानव जाति रहेसम्म यो आम मानवीय स्वभाव कायम रहन्छ । हाम्रो राजनीतिले यो मानवीय स्वभाव (कमजोरी/सबलता) को व्यवस्थापनतर्फ केन्द्रित हुनुपर्दछ । यो एउटा सिद्धान्त भयो ।

दोस्रो, जब व्यक्ति-विशेषको प्रामाणिक स्वभाव छैन, तब मानवीय समूह (दल)को पनि प्रामाणिक स्वभाव हुँदैन । सबै दल उस्तै हुन् । जे नामधारी भए पनि सबै दल काम, क्रोध, लोभ, मोह, अहंकारसहितका मानिसको जमात हो । दल हतियार जस्तै हो । जस्तोसुकै दलले समाजलाई प्रगति वा अधोगति, दुवै दिशामा लैजान सक्छ । यस कारण कुनै पनि दल साधन हुन्, साध्य होइनन् । दल पिच्छेका विधान जरूरी छैन । सबै दललाई एउटै विधानद्वारा बाँध्नुपर्दछ । यो अर्को सिद्धान्त भयो ।

*जबसम्म असिद्धान्तको आडम्बर त्यागिदैन, तबसम्म सिद्धान्तहीन रोगको उपचार हुन सक्दैन । आजका सामाजिक समस्याको समाधान र नयाँ नेतृत्वको विकास पनि हुँदैन । राजनीतिमा सफाइ चाहने आजका नवयुवाहरूले यो तथ्यतर्फ ध्यान दिनु जरूरी छ*

तेस्रो, जब व्यक्तिको स्वभाव रूपान्तरणीय, तरल र अगणितीय छ, समाजको स्वभाव पनि त्यस्तै छ । समाजको एकलरेखीय इतिहास पनि थिएन, सुनिश्चित भविष्य पनि हुँदैन । यो बहुआयामिक र बहुसंभावनाको यात्रामा हुन्छ । मानवीय प्रयासले सामाजिक गतिलाई 'डिस्टर्ब'सम्म गर्न सक्छ, 'निर्देशित' गर्न सक्दैन । मानिसले सामाजिक भविष्यको प्रक्षेपण पनि गर्न सक्दैन ।

जसले यस्तो प्रक्षेपण गरेको छ त्यो केवल बुद्धि-विलास हो । हाम्रा राजनीतिक सिद्धान्तहरू समाजलाई 'निर्देशित' गर्ने होइन, परिवर्तनको 'सहजीकरण' गर्नेतर्फ केन्द्रित हुनुपर्दछ । यो अर्को सिद्धान्त भयो ।

चौथो, अधिकांश मानिस, 'जति धेरै भौतिक सुख, त्यति धेरै खुसी' भन्ने भ्रममा बाँचेका हुन्छन् । यही कारण व्यक्तिदेखि राज्यसम्ममा अति महत्वाकांक्षा प्रकट भइरहेका छन् । यही कारण विश्वमा वर्गीय खाडलदेखि युद्धवादी र अतिवादी प्रवृत्ति विकसित भएको हो । साधन तत्वलाई साध्य मान्नु नै मानवीय दु:ख हो । साधनलाई साधनमै सीमित गर्ने र लक्ष्यलाई नै लक्ष्य मान्ने सोच र कर्मले मात्र व्यक्ति र राज्य दुवैलाई वास्तविक लक्ष्य (खुसी) सम्म पुऱ्याउँछ । यो तथ्य हाम्रा राजनीतिक विचारमा अभिव्यक्त हुनुपर्दछ । यो अर्को सिद्धान्त भयो ।

पाँचौं, जब मानिस गुणवत्ताका हिसाबले भिन्न छ, तब मानव जाति रहेसम्म सामाजिक विविधता र सहकार्य, दुवै रहिरहन्छ । द्वैत बनावट नै समाज हो । मानिसको प्रयत्नले समाजको यो द्वैततालाई सन्तुलित वा असन्तुलित दुवै बनाउन सक्छ । आजसम्म मानिस सामाजिक असन्तुलनमा खुसी खोजिरहेछ । यथार्थमा समाजको 'गतिशील सन्तुलन'बाट मात्र मानवीय खुसी मिल्न सक्छ । राजनीतिको दिशा सामाजिक सन्तुलन र सहकार्यतर्फ केन्द्रित हुनुपर्दछ । तब मात्र राजनीतिले मानवीय खुसी सिर्जना गर्न सक्छ । यो अर्को सिद्धान्त भयो ।

***व्यावहारिक यथार्थ***

माथि सिद्धान्त/असिद्धान्तका जटिल कुरा गरियो । यस्ता कुरा सबैका लागि स्वीकार्य नहुन सक्छ । कारण, मानिसहरूमा अझै पनि असिद्धान्तलाई सिद्धान्त मान्ने भ्रम छ । तर विज्ञानका कुरा कसैले अस्वीकार गर्छ भने त्यो उसैको दोष हो, विज्ञानको होइन ।

यसपालिका चुनावी गठबन्धनहरूले आफैं प्रमाणित गरिदिए कि यहाँ सबै दलको चारित्रिक विशेषता एउटै हो । जसरी भए पनि चुनाव जित्ने, यसका लागि जोसँग पनि मिल्ने भन्ने जुन सोच हाम्रा नेताहरूमा विकसित भयो, यसले नै देखाइदियो कि हाम्रा दल र नेताहरूमा चारित्रिक भिन्नता छैन ।

सबै दलको गुणवत्ता एउटै हो । यहाँ कोही लोकतन्त्रवादी वा समाजवादी छैन । कोही साम्यवादी वा पहिचानवादी छैन । लोकतन्त्र वा समाजवाद, केवल भन्ने कुरा मात्र हो । यो असिद्धान्त हो, कहिल्यै सार्थक कार्यान्वयन हुँदैन । लोकतन्त्र र समाजवादका कुरा गर्नेहरू सबै ढोंगी र आडम्बरी हुन् । सबै शक्तिको लालसाले ग्रस्त छन् । सबै काम, क्रोध, लोभ, मोह र अहंकारले ग्रस्त छन् ।

सिद्धान्तका लागि यो तथ्य नै काफी छ । सिद्धान्त खोज्न अन्त कतै जानु पर्दैन । व्यवहारसिद्ध यो तितो सत्य नै सिद्धान्त हो । यो तथ्य विपरीतका आडम्बरी र फोस्रा भाष्य असिद्धान्त हुन् । तितो सत्य भन्दा पर अनेक 'वाद' को दावी गर्नु असिद्धान्त हो ।

यसरी व्यवहारसिद्ध यथार्थलाई मात्र सिद्धान्त मान्ने मूल्य-मान्यतामा सहमत हुने हो भने त्यसले समस्या समाधानको फरक मार्ग प्रशस्त गर्दछ । नेताको बोली र व्यवहारबीच तालमेल नहुने समस्या पनि स्वत: अन्त्य हुन्छ । तर हाम्रा दल र नेता असिद्धान्तलाई सिद्धान्त मानेर हिंडिरहेका छन् । यही कारण यिनीहरू सिद्धान्तहीन देखिन थालेका छन् । समस्या समाधान गर्न पनि असफल हुँदै गएका छन् ।

जबसम्म असिद्धान्तको आडम्बर त्यागिदैन, तबसम्म सिद्धान्तहीन रोगको उपचार हुन सक्दैन । आजका सामाजिक समस्याको समाधान र नयाँ नेतृत्वको विकास पनि हुँदैन । राजनीतिमा सफाइ चाहने आजका नवयुवाहरूले यो तथ्यतर्फ ध्यान दिनु जरूरी छ ।

*साभार:अनलाइनखबर*

# एमालेका ६ जनै उम्मेदवार घरदैलोमा व्यस्त

साझाकुरा संवाददाता

हेटौंडा, २३ कार्तिक/ मकवानपुरमा नेकपा एमालेका ६ जना उम्मेदवार नै घरदैलो र कोणसभा व्यस्त भएका छन् । एमालेका सबै उम्मेदवारहरुले निरन्तर घलदैलोसँगै विकासका एजेण्डा प्रस्तुत गरेका छन् ।

एमालेका तर्फबाट मकवानपुरमा प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारहरु अहिले घरदैलो कार्यक्रम र कोणसभाहरुमा व्यस्त भएका हुन् । जनतामाझ आफ्ना योजनाहरु सुनाउँदै उम्मेदवारहरु घरदैलो र कोणसभामा केन्द्रित भएका छन् । एमालेका दुई जना प्रतिनिधीसभाका सदस्यका उम्मेदवार कमल थापा र महेश बर्तौला बिहानदेखि बेलुकासम्म घरदैलो र कोणसभामा व्यस्त भएका हुन् । यसैगरी, प्रदेशसभाका उम्मेदवारहरु कमल विष्ट, एकालाल श्रेष्ठ, विष्णु प्रसाद ढकाल र लालबहादुर थापा आफ्ना चुनावी कार्यक्रममा व्यस्त रहेका छन् ।

एमालेका तर्फबाट क्षेत्र नम्बर-१ का उम्मेदवार कमल थापा र क्षेत्र नम्बर-१ को प्रदेशसभा (ख) का उम्मेदवार एकालाल श्रेष्ठ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ को चौघडा बजार, हात्तिलेट, चुच्चेखोला, गौरीटार लगायतका क्षेत्रमा घरदैलो र कोणसभामा केन्द्रित छन् । यसैगरी क्षेत्र नम्बर-१ को (क) उम्मेदवार कमल विष्ट भने बुधवार हेटौंडा-१६ हटिया र बकैया गाउँपालिका वडा नम्बर-७ मा चुनावी कार्यक्रममा व्यस्त भएका थिए । यसैगरी मकवानपुर क्षेत्र नम्बर-२ का उम्मेदवार महेश कुमार बर्तौला र क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार बिष्णु प्रसाद ढकाल बुधवार मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरी, कुलेखानी, फाखेल लगायतका क्षेत्रमा कोणसभामा सहभागी भएका छन् । क्षेत्र नम्बर-२ को (ख) का उम्मेदवार थापाले बुधवार राक्सिराङको वडा नम्बर-६ र ७ को पायक पर्नेगरी सिलिङ्गेमा सहभागी भएका छन् ।

# बकैया र बागमतीमा लोसपाको चुनावी सभा



साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती र बकैया गाउँपालिकामा चुनाव प्रचारलाई तीव्रता दिएको छ ।

आफ्ना उम्मेदवारसहित लोसपाले बकैया र बागमतीका वडा-वडामा निर्वाचन परिचालन कार्यक्रमअन्तर्गत मतदाता भेटघाटमा जोड दिएको हो । गाउँका हरेक मतदाताको घरघर पुगेर मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट लोसपाका प्रत्यक्षतर्फका उम्मेद्वार रूपक लामाले मतदातासँग मत मागिरहेका छन् । उनले आफ्नो उम्मेदवारी चुनाव जित्न मात्र नभई यहाँका जनताको हरेक समस्यासँगै विकासमा हातेमालो गर्न रहेको प्रष्ट पारेका छन् ।

लोसपाले बकैया गाउँपालिका-१ बाट पहिलो चुनावी सभा गरेर निर्वाचन कार्यक्रमलाई अगाडि बढाएको थियो । चनावी कार्यक्रमसँगै १ नम्बर वडामा क्षेत्रबहादुर मोक्तानको अध्यक्षतामा पार्टी पुर्न गठन गरिएको छ । बकैयाबाट घरदैलो गर्दै मतदातासँग भेट गरि बुधवार बागमती गाउँपालिका-४ पाँचपाण्डवमा चुनावी सभा गरिएको थियो ।

पार्टी बागमती प्रदेश महासचिव मोलम लामाको प्रमुख आतिथ्यता तथा मोक्तानको सभापतित्वमा भएको चुनावी सभामा गैरभौगोलिक प्रदेश महासचिव खड्गबहादुर श्रेष्ठ, प्रतिनिधिसभा क्षेत्र नम्बर-१ प्रत्येक्ष उम्मेदवार रुपक लामा, बागमती प्रदेश उपाध्यक्ष विजय तामाङलगायतको उपस्थिति रहेको थियो ।

# तेस्रो जितको लक्ष्यमा नेपाल



काठमाडौं/नेपाल र भुटानबीचको खेल ढाकाको बीएसएसएसएमके स्टेडियममा नेपाली समय अनुसार दिउँसो ४:१५ बजेपछि सुरु हुनेछ । भुटानविरुद्ध मैदान उत्रदा नेपाल लगातार तेस्रो जित निकाल्दै उपाधि यात्रालाई थप मजवुत बनाउन चहान्छ ।

नेपालले यसअघि पहिलो खेलमा भुटानलाई ७-० ले तथा घरेलु टोली बंगलादेशलाई १-० ले हराएर ६ अंक जोडेको छ । भुटानलाई पनि हराएर नेपाल अपराजित रहने योजनामा हुनेछ । भुटानविरुद्ध ह्याट्रिक सहित चार गोल र बंगलादेशविरुद्ध पनि निर्णायक गोल गरेकी वर्षा ओली टोलीको मुख्य हतियार हुनेछिन् ।

तीन खेलमा नै पराजय भोगेको भुटान च्याम्पियनसिपबाट बाहिरिसकेको छ । भुटानले नेपालसाग ७-० को हार बेहोर्दा बंगलादेशसँग ८-० र ९-० को हार भोगेर अंकविहीन छ ।

हालसम्म बंगलादेश ३ खेलबाट ६ अंक जोडेर शीर्षस्थानमा रहेको छ । एक खेल कम खेलेको नेपालको ६ अंक नै रहेपनि गोल अन्तरमा पछि छ । भुटानको गोल र अंकको खाता खोल्न सकेको छैन ।

३ राष्ट्र सहभागी यस प्रतियोगिता डबल राउन्ड रोबिन पद्धतिमा भइरहेको छ । लिगको अन्त्यमा सर्वाधिक अंक जोड्ने टोलीले प्रतियोगिता जित्नेछ । नेपालले भुटानलाई पराजित गरेर शुक्रबार बंगलादेशसँग बराबरी खेलेमा उपाधि जित्नेछ । नेपालले ११ नोभेम्वरमा बंगलादेशसँग अन्तिम खेल खेल्नेछ ।

*हाम्रोखेलकुदबाट*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आनन्दको सहयोगमा रुम्बाले पाइन् नयाँ घर



साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१५ र ातोमाटेकी कान्छिमाया रुम्बा मख्ख छिन् । खर र प्लाष्टिकले छाएको झुप्रो घरमा बस्दै आएकोमा दुई कोठे पक्कि नयाँ घर सहयोग पाएपछि मख्ख पनि कसरी नपर्नु ?

लामो समयदेखि असुरक्षित रहेको पानी चुहिने घरमा बस्दै एकल महिला रुम्बालाई उक्त घर सहयोग गर्ने व्यक्ती नेपाली कांग्रेसका नेता एवं मकवानपुर क्षेत्र नम्बर १ (खं)का उम्मेदवार आनन्दराम पराजुली हुन् । रुम्बाको अवस्थाका बारेमा थाहा पाएपछि पराजुलीले उनलाई सहयोग गर्ने विचार गरे । दु:खी गरिब र असाहयहरुलाई सहयोग गर्न सधै तप्तर देखिने पराजुलीले व्यक्तिगत लगानीमा रुम्बाको लागी दशै अघि नै दुई कोठे जस्ताले छाएको घर बनाइदिए । रुम्बा र उनका छोरा अहिले नयाँ घरमा बस्छिन । घर पाएपछि खुशि भएकी रुम्बा पराजुलीको खुलेर प्रशंसा गर्छिन् ।

'आनन्दबाबुका कारण म नयाँ घरमा बस्न पाएको छु । हामी जस्ता गरिब दुखिलाई सहयोग गर्ने मान्छे पनि हुन्छन होला भन्ने लागेको थिएन तर आनन्दबाबुल आफनै खर्चमा मेरोलागी घर बनाइदिनुभयो । म खुशि छु ।' रुम्बाले भनिन् ।

आनन्दराम पराजुली मकवानपुर क्षेत्र नम्बर १ को (ख) मा उम्मेदवार भएको थाहा पाएकी रुम्बले खुशि हुँदै जितको शुभकामना दिइन् । उनले सबैसँग पराजुलीलाई जिताइदिन आग्रह पनि गरिन्,'आनन्दबाबुलाई मेरो आशिर्वाद लागोस । सबैले उहाँलाई भोट हालेर जिताइ दिनुहोला । आनन्दबाबु हामी जस्ता दुखि गरिबको लागी काम गर्ने मान्छे हो ।

आनन्दबाबुले जित्नुभयो भने हामी जस्ता दुखी गरिबको जिवनमा परिवर्तन हुन्छ ।' पराजुलीले रुम्बाका लागी व्यक्तिगत लगानीमा घर बनाईदिएका थिए। उनले तीन लाखमा दुई कोठे जस्ताले छाएको घर बनाइदिएका हुन् ।

# दीपक र निश्चलको जुहारी : कलाकार राजनीतिमा लाग्न हुन्छ ?



काठमाडौं/ अभिनेता दीपकराज गिरी समसामयिक घटनाक्रमलाई लिएर सामाजिक सञ्जालमा धारणा राखिरहन्छन् । यतिबेला चुनावको माहोल छ, कतिपय कलाकार दल र उम्मेदवारलाई भोट माग्दै हिंडिरहेको देख्न सकिन्छ ।

यस्तोमा दीपकराजले फेसबुकमा एक स्टाटस लेख्दै कलाकार गहना भएकाले आफू कुनै समूहमा लाग्न नसक्ने उल्लेख गरेका छन् ।

उनी लेख्छन्, 'कलाकारलाई गहना किन भनेको होला ? सायद सबैले प्रिय र साझा ठानेकोले होला । त्यसैले म कुनै एक समूहको हुन सकिनँ । सबैलाई शुभकामना ।'

कलाकार गहना भएकाले सबैको प्रिय हुने र कुनै दल विशेषमा आबद्ध हुन नहुने दीपकको मत छ । पछिल्लो समय दल र उम्मेदवारको पक्षमा खुलेरै हिंडेका अन्य कलाकारप्रति उनको कटाक्ष देखिन्छ ।

दीपकको यो पोस्टमा थुप्रै टिकाटिप्पणी आएका छन् । 'लुट' फेम्ड निर्देशक निश्चल बस्नेतले पनि दीपकको स्टाटसमा कमेन्ट गर्दै मुलुकलाई खाल्डोबाट जोगाउन गहनाको पनि कर्तव्य हुने उल्लेख गरेका छन् ।

निश्चल लेख्छन्, 'राष्ट्रलाई गहिरो खाल्डोबाट जोगाउन भूमिका खेल्नु पनि गहनाको कर्तव्य होला । पेसाभन्दा पहिला देश, कि के हो दाइ ?' निश्चल यतिबेला केही स्वतन्त्र उम्मेदवारको पक्षमा खुलेर भोट मागिरहेका छन् ।

निश्चलको कमेन्टमा दीपकको टिप्पणी छ, 'वकिलले राम्रो गरेन वकिल खोज्ने, डाक्टरले राम्रो गरेन डाक्टर बन्न जाने, मन्त्रीले राम्रो गरेन मन्त्री खोज्न जाने गरेर साध्य चल्दैन ब्रदर । आफू जे हो त्यो काम इमान्दार भएर गर्नुपर्छ भन्ने आशय मात्रै हो । हामीले सपोर्ट गरेकाले पनि देशलाई खाल्डोमा हाल्दैनन् भन्ने केही ग्यारेन्टी छ र ब्रदर ?' *अनलाइनखबरबाट*

भर्ना खुल्यो! भर्ना खुल्यो !

3 YEARS LAB TECHNICIAN RADIOGRAPHY

पुन: प्रवेश परिक्षा

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०७९/०८० को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (See/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू

- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

Lab Technician केही सिट
Radiography केही सिट

फारम शुल्क रू १५००/-

- फारम वितरण मिति: २०७९/०७/२१ गते सोमबार देखि
- फारम बुझाउने अन्तिम मिति: २०७९।०७।२७ गते बेलुका ४:३० सम्म
- प्रवेश परिक्षा मिति : २०७९/०७/२९ गते विहान ८:००

मकवानपुर टेक्निकल इन्ष्टिच्युट

हेटौंडा-४ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२/५२०६८८ ९८४५०२९८१०, ९८६०२०२६७१

# 'यो पटक अझै सजिलोसँग चुनाव जित्छु'

विरोध खतिवडा जसले बिनाअवरोध ४ वटा निर्वाचन जिते । कम्युनिष्ट पार्टीबाट राजनीति शुरु गरेदेखि हालसम्म खतिवडाले ४ वटा निर्वाचनमा उम्मेदवार बनेका छन्। उनले आफ्नो हालसम्मको लडेका चारवटै निर्वाचनमा जित हात पारे । २०४८, २०५१ र २०५६ को संसदीय निर्वाचनमा विजयी भएका उनी २०७४ को निर्वाचनमा पनि मकवानपुर-२ बाट निर्वाचित भए । २०६४ चैत २८ र २०७० मंसिर ४ गते सम्पन्न पहिलो र दोस्रो संविधानसभा (संसद्)को चुनावमा भने टिकट नपाउँदा उनी चुनावी मैदानमा होमिन पाएनन्। यसअघि नेकपा एमालेबाट निर्वाचन जित्दै आएका खतिवडा पहिलोपटक सत्तारुढ गठबन्धनको समर्थनमा नेकपा एकिकृत समाजवादी पार्टीको झण्डा लिएर चुनावी मैदानमा छन् । शिक्षक आन्दोलनका चर्चित नेता बद्रीप्रसाद खतिवडाका छोरा विरोध एमालेबाट छुट्टिएर बनेको समाजवादीको स्थायी कमिटीका सदस्य छन् । खतिवडाले आफ्नो कडा प्रतिस्पर्धीको रूपमा आफ्नै चेला महेश बर्तौलालाई पाएका छन् । गत निर्वाचनमा उनलाई जिताउन चुनावी मैदानमा खटिएका उनकै चेला आगामी निर्वाचनमा उनलाई हराउन मैदानमा उत्रिएका छन् । एमाले युवा नेता बर्तौला कुनै समय राजनीतिमा खतिवडाका चेला थिए । कुनै समय गुरुचेलाका रूपमा रहेका उनीहरू मंसिर ४ को चुनावमा एकअर्काविरुद्ध उभिएका छन् । प्रस्तुत छ यिनै सेरोफेरोमा उनै खतिवडासँग **साझाकुरा**ले गरेको कुराकानी :



**विरोध खतिवडा**
**लोकतान्त्रिक-बाम गठबन्धनका साझा उम्मेदवार**
**प्रतिनिधिसभा क्षेत्र नं. २, मकवानपुर**

***फेरि पनि तपाईको उम्मेदवारी किन ?***

हाम्रो संविधानले ५/५वर्षमा अद्यावधिक चुनाव तय गरेको छ । कतिपटक के भन्ने कुनै प्रावधान कानुनी रुपमा केही पनि छैन । त्यसैले म जस्तै अरु कयौ उम्मेदवारहरु पनि उठेको देख्नु भएको होला । किन भन्नुपर्दा स्वभाविक रुपमा नै मैले जे जति काम गरेको छु त्यो आधारबाट पनि मलाई पार्टीले,यहाँको मतदाताले र गठबन्धनले पनि मकवानपुर क्षेत्र नम्वर २ मा विरोधजी उठ्ने हो अरु होइन भनेर प्रचण्डजीले पनि भन्नुभयो ।

त्यसैले अन्य जिल्लामा जस्तो यहाँ कांग्रेस माओवादीबाट पनि केहि सुन्नु भएको छैन होला । निर्वाचन जित्ने हिसावले म सजिलो हुन्छु भनेर मलाई उम्मेदवार बनाएको हो ।

नेपालको आवश्यकता अनुसार हाम्रो ग्रामिण जीवन, पहाडी जिल्ला भएकोले ठुलो ठुलो कुरा भन्दा पनि जनताको प्राथमिक आवश्यकता भनेको स्वास्थ्य, शिक्षा, खानेपानी, पुलहरु लगायत नै मुख्य प्राथमिकतामा छन् । ती कामहरु कति भएका छन्,कति हुन बाँकी छ ।

दुर्गम भेगबाट डाडाखर्क आसपासबाट धादिङ लाने सडक ९८ करोड राखेर नयाँ परियोजना गर्ने,मनहरीबाट कैलाश जोड्ने सडकहरु निर्माण गर्ने,दुई वटा गाउँमा अहिलेसम्म पक्कि सडक पुगेका छैनन् ।

राक्सिराङका सदरमुकाम र कैलाशको सदरमुकामको काम मैले फत्ते गर्नुपर्ने छ । चित्लाङमा मैले बहुप्राविधिक विश्वविद्यालयमा दुई अर्व १० करोड लगानी गरिसकेको छु । अर्को वर्षबाट त्यहाँ पढाई सञ्चालन हुनेगरि काम समपन्न गर्नुपर्नेछ । कयौं अधुरा योजना सञ्चालन गर्ने र अरु थप आवश्यकताहरु पुरा गर्दै जानको लागि मेरो उम्मेदवारी हो ।

नयाँ अभियानको रुपमा अहिले मैले गाँजाको मुद्दालाई दुई वर्षदेखी संसदमा पनि उठाइरहेको छु । त्यसलाई निष्कर्षमा पुर्याउने क्रममा म छु । संयुक्त राष्ट्र संघले पनि गाँजालाई लागूऔषबाट हटाएको छ । हामिले नेपालको तर्फबाट मतदान पनि गर्यौं ।

गाँजा औषधिजन्य विरुवा हो । यसको नेपालमा विधेयक बन्ने क्रममा छ । गृहले विधेयक बनाइसकेको छ,अर्थले पनि सहमती दिइसकेको छ । कानुनमा यसको भाषा हेर्ने क्रममा छ । यो पटकको संसदमा त्यो ल्याउन सकिएन । केपी ओली सरकारमा हुँदा नै मैले यो प्रयत्न गरेको हुँ । तर,उहाँले म उहाँको विपक्षमा भएकोले प्राथमिकतामा राख्नु भएन । पछि गठबन्धनको सरकार बनेपछि गर्न खोज्दा ९ महिना संसदअवरुद्ध गरियो । अत्यावश्यक प्रकृतीका विधेयकहरु बाहेक अरु त्यहाँ प्रवेश गर्ने र छलफल गर्ने वातावरण थिएन ।

त्यसैले गाँजाको विषयलाई मैले निष्कर्षमा पुर्याउनु पर्नेछ । समग्रमा भन्नुपर्दा निर्वाचन क्षेत्रको जनप्रतिनिधीको नाताले यहाँको केहि आवश्यकताअरु मैले पुर्ती गर्दै जाने र अर्को विधेयकको हिसाबले आवश्यक कानुन निर्माण गर्ने कुरामा मुख्य रुपले केन्द्रित हुन मैले उम्मेदवारी दिएको हुँ ।

***तपाईले मकवानपुरको लागि के गर्नुभयो ?***

मैले थुप्रै कामहरु गरेको छु । चित्लाङको बहुप्राविधिक विश्वविद्यालयमा दुई अर्व १० करोड निकासा भइसकेको छ, ९८ करोड लागतमा गोगने हुँदै मोहरिया हुँदै धादिङ जाने बाटोको काम सुरु भएको छ । ४० करोडमा पकनी हुँदै दक्षिणी भेग आउने सडकको ५/६ दिनमा टेण्डर हुन्छ होला । त्यस्तैगरि कयौ ठाउँमा खानेपानीका ठुला ठुला योजनाहरु सञ्चालन भएका छन् । थाहामा १७ करोडको खानेपानीको योजना सम्झौता भएर काम सुरु भइसकेको छ ।

थाहामै हस्पिटलमा पनि १८ करोडको लागतमा अक्सिजन प्लान्टसहितको बन्दैछ । मक्वानपुरको दुर्गम क्षेत्र ईपा कोगटेमा जाने ३० करोडको लागतको दुईवटा पुलसहितको सडक निर्माण भएर अहिले यातायात सञ्चालनमा आइसकेको छ । बासुदेवमार्ग भनेर बुढिचौर हुँदै सिस्नेरी निकाल्ने बाटोको लागि रातो किताबमा बजेट छुट्याउने क्रम सुरु गरेको छु ।

त्यहाँ ९ करोड खर्च भइसकेको छ,अब धेरै बाँकी छैन । रजैयाबाट दरदरा हुँदै मसिने,चकरी, मकरी पुग्नको लागि बाटो निर्माण गर्न रातो कितावमा बजेट राख्न लागेको छु । चेपाङलाई उज्यालो भन्ने मैले अभियान नै सुरु गरेको छु । त्यसअन्तर्गत अहिले पनि १२/१५ करोडको काम राक्सिराङमा भइरहेको छ ।

ईन्द्रसरोवरको काललाई पोखराको फेवातालकै रुपमा पर्यटकहरु आउनेगरि अगाडि लैजानको लागि केन्द्र सरकारले एक प्रदेश एक पर्यटकिय स्थल भन्ने नीति अनुरुप मैले मकवानपुर जिल्लाको ईन्द्रसरोवर काललाई एक मात्रै पर्यटकिय स्थलको रुपमा विकास गर्ने केन्द्रिय सरकारले निष्कर्षमा पुर्याएको छ ।

आमभञ्ज्याङ र गढिको बीचमा रहेको सामरी पुलमा ३ वटा पुल बनेको छ । मनहरीको राप्ति खोलामा म निर्वाचित हुने बेलामा एउटा केहि पनि थिएन अहिले त्यहाँ २ वटा झोलुङ्गे पुल र ३ वटा पक्कि पुल चालु अवस्थामा छ । मकवानपुर जिल्लाबाट काठको पोललाई विस्थापित गर्ने भन्ने अभियानमा पनि लागेको छु । त्यो लगभग ८० प्रतिशत सम्पन्न भएको छ । परेवाभजस्तो संकटकालिन अवस्थामा ठाँउहरुमा बाटो निर्माण हुने काम सुरु भइसकेको छ । यो ढंगले मैले शिक्षा,स्वास्थ्य,खानेपानी, विद्युतीकरण यी सबै क्षेत्रमा काम गरेको छु ।

त्यो पनि मैले लाख,२० लाख ५० लाखको कुरा गरिरहेको छैन, करोडौंको कुरा गरिरहेको छु ।

***तपाई स्वास्थ्यमन्त्री बन्दा पनि मकवानपुरको स्वास्थ्य समस्या समाधान गर्न तपाईले केहि पहल गर्नुभएन भन्ने गुनासो छ नी ?***

यो बेक्कारको कुरा हो । प्रत्येक जिल्लामा वीर हस्पिटल, टिचिङ हस्पिटल बन्न सक्दैन । त्यो सम्भावना हुदैन । हामिसँग आर्थिक पक्ष बलियो भएपछि ५० वर्षपछि बन्ला । हामिले नीतिगत रुपमा ७ वटै प्रदेशमा ५०० बेडको अस्पतालहरु निर्माण गर्ने भनेर निर्णय पनि गरेका छौ ।

जिल्लाको हिसाबले भन्नुपर्दा पहिलाको भन्दा धेरै सुधार भएको छ । हाम्रो अस्पतालको भवन पनि राम्रो बनेको छ । त्यो बेलामा अनावश्यक रुपमा विवाद खडा गरिएको थियो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पताललाई लिएर तत्कालिन एमालेको सरकारले विवाद सिर्जना गर्‍यो । एउटा जिल्लामा एउटा सरकारी अस्पताल अनिवार्य रुपमा चाहिन्छ ।

हेटौंडा अस्पताल पुरानो अस्पताल हो । उसको आफ्नै भवन छ,कर्मचारी छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले त्यो सबै जनशक्ति,भवन,जमिन सित्तैमा लिएर त्यसलाई नीजि ढंगले मनोनीत गरेको मान्छेबाट चलाउने र बिरामीलाई महंगो उपचार पर्नेगरि चलाउन खोज्यो ।

बिना पुँजी हेटौंडा अस्पतालको सम्पति लगेर बिरामीलाई महंगो उपचार लैजाने षड्यन्त्रलाई चिरियो । स्वास्थ्य क्षेत्रमा मकवानपुरको ग्रामिण भेगमा भन्ने हो भने लगभग सबै पालिकामा १५ बेडको अस्पताल तयार भएका छन् ।

वडामा पनि सामुदायिक स्वास्थ्य केन्द्र लैजाने भन्ने अन्तर्गत म स्वास्थ्य मन्त्री भएको बेलामा जिल्लाको साथीहरुलाई भने । केहि आउनुभयो र हामिले वडा वडामा सामुदायिक स्वास्थ्य केन्द्र खडा गर्यौं । खाली ठाउँमा अझैपनि गर्न सकिन्छ ।

***तपाईको प्रतिष्पर्धीको रुपमा तपाईको आफ्नै चेला हुनुहुन्छ ? उहाँलाई कसरी आकँलन गर्नुभएको छ ?***

चुनावमा हामिले चाहेको नै यहि हो । दलीय व्यवस्था स्थापना गर्न,पञ्चायत व्यवस्था ढाल्न,गणतन्त्र ल्याउन प्रतिष्पर्धाको राजनीति चाहिन्छ भनेर हामिले ल्याएको हुँदा पाँच वर्षमा आउने चुनावमा दलीय, व्यक्तिले वा स्वतन्त्र उनीहरुको अधिकार हो । यसलाई म स्वागत गर्छु ।

त्यसकारण बा उठ्यो,छोरा उठ्यो वा भतिजा उठ्यो भन्ने कुरा होइन । कुन पार्टीबाट उठ्यो भन्ने पनि ठुला कुरा होइन । यो अवसरलाई सबैले सदुपयोग गर्नुपर्छ ।

त्यसै अन्तर्गत कुनै एउटा खास पार्टीबाट महेश पनि उम्मेदवार भएका छन् । यसलाई मैले कुनै अनौठो रुपमा लिएको छैन । अन्य १० जना उम्मेदवारहरुजस्तै गरि मैले लिएको छु । म आफैपनि त्यहि भीडको एउटा उम्मेदवार हुँ ।

***तपाईले चुनाव जित्ने आधार के हो ?***

अहिले हामि गठबन्धनमा छौ,झन् आधार बलियो भयो । म एक्लै पनि चुनाव जितिरहेको थिए । एमालेमा म नै नेता भएर ३५ सालदेखी निर्माण गरेको हो । मेरै विश्वासमा कयौ साथीहरु एमालेका लागेका थिए । अहिले म गएपछि एमालेको आधाजति मतदाता मसँग आएका छन् ।

गठबन्धनको कांग्रेस र माओवादीको मत पनि मलाई सपोर्ट भएपछि पहिला भन्दा मैले सजिलो ढंगले जित्ने बाटो खुल्यो नी ।

***जनताले तपाईलाई किन भोट दिने ?***

यो अनउत्तरिय प्रश्न हो । चुनाव गरेकै मत दिन र नदिन पाउनको लागि हो । ५/५ वर्षमा तिमिले भोट दिएको पार्टीसँग तिमिलाई चित्त बुझेको भए दोहोर्‍याएर देउ,जिताएको उम्मेदवार चित्त नबुझेको भए आउट गर भनेरै हामिले यो व्यवस्था गरेको हो ।

अहिले पनि मलाई ४ चोटी जिताएको जनताहरुले हामि जिताउछौ आउनु भने । व्यक्ति आफै चुनावमा गए त १००/५० भोट पनि नआउला । त्यसले गर्दा मलाई यो क्षेत्रको मतदाताले पुन:तपाई उठ्नुपर्छ,अरु हुँदैन भने । मेरो पार्टीले स्विकार्यो । शेरबहादुर र प्रचण्डजीले पनि विरोध जी नै उठ्नुपर्छ भनेर माइन्युट गरेपछि म उठेको हुँ ।

***अघिल्लो चुनावमा तपाईलाई जिताउन हिडेकाहरु अहिले हराउन हिडेका छन् । केहि चुनौती पनि देख्नुहुन्छ की ?***

म एमालेमा थिए, एमालेले मलाई जिताउन हिडेको थियो । एमालेले ४ पटकसम्म विरोध खतिवडालाई जिताउदा एकदम लायक,योग्य, वरिष्ठ, उहाँ जस्तो ज्ञानी गुनी, विकासप्रेमी कोहि छैन भनेर ०७४सम्म नारा लगाएर हिडेकै हो । अब अहिले आएर पाचौं पटक उठ्दा चाहि विरोधजतिको रद्दि, काम नलाग्ने, सिन्को नभाच्ने ईत्यादी भयो । त्यसकारण यो राजनीतिक फन्डा मात्रै हो । एमालेले मलाई हराउन हिड्नु स्वभाविक हो । म पनि एमालेलाई हराउन हिडेको छु ।

# जो अस्पतालमै पुगेर विपन्नलाई सहयोग गर्छन्

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ मनहरी गाउँपालिका ९ की ३३ वर्षीय शर्मिला सुनार क्षयरोग पीडित छिन् । उनीकहिलेकाहिँअचेत भई ढल्ने गर्छिन् । केही समयअघि अचेत भई ढल्दा अगेनामा परेर सुनारको खुट्टा जल्यो । उपचारको लागि चितवन मेडिकलकलेज पुर्याइयो ।

कमजोर आर्थिक अवस्था रहेको सुनार परिवारलाई उपचार गराउन समस्या भयो । यो खबर नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्र बहादुर बानियाँले थाहा पाए । खबर सुन्ने बितिक्कै बानियाँले सहयोगीमार्फत अस्पतालमै नगद ७० हजार रुपैयाँ पुर्याइदिए । अस्पतालमा लागेको उपचार खर्चमा पनि भारी छुट गराइदिए । बानियाँको सहयोगले शर्मिलाको परिवार निकै खुसी बनेको छ ।

मनहरी ९ की कौशिमाया स्याङ्बो र उनको परिवारले पनि बानियाँको सहयोगले राहत महसुस गरेको छ । कौशिमायाकी श्रीमान मानबहादुर स्याङ्बो बैदेशिक रोजगारीका क्रममा दुबईमा थिए । कामकै शिलशिलामा मानबहादुरको केही समयअघि विदेशमै मृत्यु भयो । पतिको मृत्युको शोक त छँदै थियो । पतिको शव स्वदेशमा ल्याउने र काजकिरिया गर्ने खर्चसमेत कौशिमायाको परिवारसँग थिएन । त्यस्तो पीडामा केही हदसम्म भएपनि मल्हम लगाउन बानियाँ नै हाजिर भए । शव स्वदेश ल्याई काजकिरिया गराउन बानियाँले नगद २० हजार रुपैयाँ सहयोग दिए ।

दुई महिनाअघि थाहानगर पालिका ४ का रामकुमार पाखिनको मोटरसाइकल दूर्घटनामा परी खुट्टा भाँचिएर उपचार गर्न हेटौंडाको सहकारी अस्पतालमा ल्याइयो । उनको खुट्टाको शल्यक्रिया गरी सन्चो बनाइयो । तर, उपचारगर्दा धेरैखर्च भयो । अस्पतालको रकम तिर्ननसक्दा अस्पतालबाट निस्कन नसकेका पाखिनको उपचार खर्च तिरि दिन पनि बानियाँको हातमाथि पर्यो । उनको उपचार खर्च तिर्न सहज होस् भनी बानियाँले सहयोगीमार्फत अस्पतालमै पुगी उपचार खर्चको लागि नगद २५ हजार रुपैयाँ सहयोग हस्तान्तरण गरिदिए ।

कमजोर आर्थिक अवस्थाकी हेटौंडा-१८ कि संगीता थिङको पाठेघरको शल्यक्रिया गर्नुपर्ने भयो । शल्यक्रिया गर्न खर्च अभाव भएपछि सहयोगको अपिल गरेकी संगीतालाई उपचार खर्चमा सहयोग गर्न बानियाँले १ वर्ष अघि नगद २० हजार रुपैयाँ प्रदान गरेका थिए । बानियाँको आर्थिक सहयोगले आफ्नो उपचारमा सहयोग मिलेको भन्दै खुसी बनेकी संगीता सधैं बानियाँको प्रशंसा गर्छिन् ।

मनहरी गाउँपालिका ६ निवासीकृष्णमाया राईको नाकको शल्यक्रिया गर्न आर्थिक अभाव भएपछि नेता बानियाँले केही महिनाअघि अस्पतालमै पुगीनगद २० हजार रुपैयाँ उपचार खर्च सहयोग गरेका थिए । यस्तै हेटौंडा-१ का राकेश महर्जन पनि दीर्घ रोगी हुन् । उनलाई नियमित औषधि सेवनगर्नुपर्ने हुन्छ । उनको औषधि सेवनको लागि बानियाँले मासिक आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन् । उक्त सहयोग नियमित गर्दै जाने बानियाँको प्रतिवद्धता छ । एक वर्षअघि हेटौंडा १८ की सुनिता आलेमगरको एपेन्डिक्सको शल्यक्रिया गर्नुपर्ने भयो । आलेमगरको चितवनमा उपचार हुँदै थियो । कमजोर आर्थिक अवस्थाकी आले मगरले उपचार खर्च बेहोर्न कठिन भएपछि कांग्रेसका स्थानीय नेतामार्फत बानियाँसम्म आर्थिक सहयोगको याचना गरिन् ।

बानियाँले सहयोगी मार्फत अस्पतालमै २० हजार रुपैयाँ पुर्‍याइ दिए । एकै बचनमा बानियाँबाट आर्थिक सहयोग प्राप्त गरेकोमा आले मगर निकै खुसी बनेकी थिइन् ।करिब ३ वर्षअघि मकवानपुरको पश्चिमी क्षेत्रकी एक बालिकाको गम्भीर रोगका कारण उपचार गराउन आर्थिक अभाव भएको भन्दै बालबालिकाको क्षेत्रमा काम गरिरहेको सिविन बाल हेल्पलाइनसम्म सहयोगको लागि आग्रह हुन आयो । सिविनले सकेको आर्थिक सहयोग गर्यो, चितवनको सिविनबाल हेल्पलाइनलेपनि सहयोग थप्यो ।

सिविनको सहयोगले मात्रै बालिकाको उपचार खर्च नपुगेपछि सिविनबाल हेल्पलाइनले बालिकाको उपचारमा सहयोगको लागि आह्वान गर्यो । त्यति बेला पनि बालिकालाई सहयोग गर्न ईन्द्रबहादुर बानियाँ अघि सरेका थिए । उनले त्यतिबेला ३० हजार रुपैयाँ बराबरको औषधि उपचार खर्च बेहोरेका थिए । आम सर्वसाधारणलाई आर्थिक तथा मानवीय सहयोग गर्दै आएका बानियाँले पार्टीकै नेता कार्यकर्ताको समस्यामा पनि उत्तिकै साथ दिन्छन् ।

कांग्रेसका नेता रामकृष्ण प्रजा दुवै मृगौलाले काम गर्न छाडेपछि नियमित डाइलासिस गराइरहेका छन् । प्रजालाई नियमित डाइलासिस र औषधि सेवनगर्न बानियाँमार्फत केही महिना अघि आर्थिक सहयोग भएको छ । तत्कालीन नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता रहेका बानियाँले संसदीय दलबाट निर्णय गराई ५० हजार र व्यक्तिगत ५० हजार रुपैयाँ गरी प्रजालाई १ लाख रुपैयाँ सहयोग हस्तान्तरण गरेका थिए । विपन्नको आधारभूत आवश्यकता पूरा गराउन पनि बानिया क्रियाशील छन् ।

३ वर्षअघि बानियाँले हेटौंडा-३ का ७७ परिवारलाई खानेपानीको मिटर खरिद गर्न आर्थिक सहयोग गरेका थिए । उनले प्रति परिवार २ हजार रुपैयाँका दरले एक लाख ५४ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएका थिए । 'धेरैको दु:ख र पीडामा मैले सकेको सहयोग गर्ने गरेको छु । मैले राजनीति गरेकै दु:खी गरिबको सेवा गर्नको लागि हो ।' बानियाँ भन्छन्-'मेरो हैसियतले भ्याएसम्म सधैं गरिब र निमुखा जनताकै सेवामा निरन्तर लागि रहनेछु ।'

मकवानपुरे नेता बानियाँ आगामी मंसिर ४ गते हुने निर्वाचनमा मकवानपुर क्षेत्र नम्बर २ (ख) बाट उम्मेदवार बनेका छन् । हरेक दिनजनताको सेवामा क्रियाशील रहेको भन्दै बानियाँले आगामी निर्वाचनमा जनताले आफूलाई निर्वाचित गर्नेमा विश्वस्त रहेको बताए ।

# मकवानपुरको क्षेत्र नम्बर १ को (ख) को अंकगणितमा पराजुली अगाडि

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ यही मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मकवानपुरका उम्मेदवारहरु चुनावी सभा तथा घरदैलोमा व्यस्त छन् ।

निर्वाचनको मिति नजिकिएसँगै उम्मेदवारहरुको पक्षमा अडकलवाजि र अंकगणित सुरु भइसकेको छ । पार्टीका नेता कार्यकर्ता गत जेठमा सम्पन्न स्थानीय तह निर्वाचनमा आफ्ना उम्मेदवारले पाएको मत संख्यालाई जोड घटाउ गरेर हार जितको वकालत गर्न थालिएको छ । दुई वटा प्रतिनिधि सभा र ४ वटा प्रदेशसभा रहेको मकवानपुर क्षेत्र नम्बर १ मा १ लाख ५० हजार १ सय ५५ र क्षेत्र नम्बर २ मा एक लाख ५० हजार ५ सय ७७ मतदाता रहेका छन् ।

यता मकवानपुरको क्षेत्र नम्बर १ को (ख) मा अघिल्लो पटकभन्दा यसपटक फरक गठजोड बनेको छ । राजनीतिक दलहरुको बदलिएको समीकरणका कारण यस निर्वाचन क्षेत्रको चुनावलाई अघिल्लो भन्दा फरक बनाएको हो । स्थानीय तह निर्वाचन-२०७९ मा ४२ हजार मत खसेको यस क्षेत्रको वडामा यस पटक ७२ हजार १ सय ६६ मतदाता रहेका छन् । यस निर्वाचन क्षेत्रमा हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १०, १२, १३, १४, १५ गरी १२ वटा वडा पर्दछन् ।



प्रदेश सभा क्षेत्र नम्बर १ को (ख)मा नेपाली कांग्रेसका तर्फबाट आनन्तराम पराजुली, एमालेबाट जिल्ला अध्यक्ष एकलाल श्रेष्ट र राप्रपाका गुञ्जबहादुर न्यौपाने चुनावी मैदानमा छन् भने केहि साना दल र स्वतन्त्र उम्मेदवाहरु पनि यहाँ चुनावी प्रतिस्पर्धामा छन् । यद्यपि विगतको निर्वाचना र स्थानीय तह निर्वाचनको मतलाई हेर्ने हो भने यस चुनावी क्षेत्रमा कांग्रेस, एमाले र राप्रपाबीच त्रिपक्षिय भिडन्त हुने पक्का छ । नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा (एस) बिच समिकरण भएर सम्पन्न स्थानीय तह निर्वाचनमा ४ वटा वडा अध्यक्षमा कांग्रेस, १ वटा वडा नेकपा (एस) र १ वटा वडामा माओवादी केन्द्रका उम्मेदवार निर्वाचित भएका थिए । यस्तै वडा नम्बर ४, ५, १०, १३, १४ र १५ को वडाअध्यक्षमा नेकपा एमालेका उम्मेदवार निर्वाचित भएका थिए ।

६ वटा वडा काग्रेस सहित गठबन्धन र ६ वटा वडा एमाले एक्लैले जितेको छ तर गठबन्धनको मतान्तर बढी रहेको र राप्रपा पनि एकल चुनावी मैदानमा रहेकोले उसलाई चुनाव जित्नको लागि झनै सहज बनाएको तथ्यांकले देखाएको छ । २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचनमा हेटौंडाको नगर प्रमुखमा पराजुली झिनो मतान्तरले पराजित बनेका थिए । एमालेका मेयरका उम्मेदवार हरि बहादुर महतले तेइस हजार एकसय २४ मत प्राप्त गर्दा पराजुलीले २२ हजार ५ सय ९ मत प्राप्त गरेका थिए । अहिलेका उम्मेदवारहरुमध्ये पराजुली विशेष चर्चामा छन् । उनी विगतको स्थानीय तह निर्वाचनमा हेटौंडाको प्रमुखमा झिनो मतान्तरले पराजित भएकाले उनीप्रति धेरैको साहनुभूति देखिन्छ ।

गत बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा १२ वटा वडा मध्य ४ वटा नेपाली कांग्रेसले १।१ वडामा नेकपा (एस) र माओवादी केन्द्रले जित हात पारेको थियो भने वडा नम्बर १२ मा कांग्रेस एकल चुनाव लडेको थियो जसमा माओवादी केन्द्रका उम्मेदवार भन्दा ३९ मतले कांग्रेसका उम्मेदवार पराजीत भएका थिए । यता हेटौंडाको मेयर र उपमेयर पनि गठबन्धन दलकै नेकपा(एस) र कांग्रेसका उम्मेदवार निर्वाचित भएका थिए ।

मेयरमा नेकपा (एस)की मिना कुमारी लामाले २३ हजार ७५ मत र उपमेयरमा कांग्रेसका उम्मेदवार राजेश बानियाँले ३२ हजार ५ सय ९३ मत प्राप्त गरी निर्वाचित भएका थिए । यता स्थानीय तहको निर्वाचन-२०७९ मा यस क्षेत्रको वडाहरुमा वडाध्यक्षले पाएको मत गठबन्धन दलनै अगाडि देखिन्छ भने एमाले दोस्रो र राप्रपा तेस्रो स्थानमा रहेको छ ।

स्थानीय तह चुनावमा यस क्षेत्रमा पर्ने हेटौंडाका वडाहरुमा कांग्रेस सहित नेकपा(एस) र माओवादी केन्द्रका वडाध्यक्षहरुले २० हजार ६ सय ३४, एमालेको वडाध्यक्षले १९ हजार २ सय ४६ र राप्रपाका उम्मेदवारले २ हजार ८ सय ४९ मत पाएका थिए । यो तथ्यांक हेर्दा लोकतान्त्रिक बाम गठबन्धन १ हजार ३ सय ८८ मतले एमालेभन्दा अगाडि छ भने गठबन्धन १७ हजार ७ सय ८५ मतले राप्रपा भन्दा अगाडि रहेको देखिन्छ । स्थानीय तहको निर्वाचन पछि थपिएको मतदाताको मतले को विजयी हुन्छ भन्ने कुरा चाहि मंसिर ४ मा सम्पन्न निर्वाचन पछिको मतगणानालाई नै कुर्नुपर्नेछ ।

# लोकतान्त्रिक गठबन्धनलाई भोट नदिए जनताले दु:ख पाउनुपर्छ :मोक्तान

साझाकुरा संवाददाता

हेटौंडा, २३ कात्तिक/ सत्तारुढ गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर २ 'क' की प्रदेश सभा सदस्य उम्मेदवार कुमारी मोक्तानले लोकतान्त्रिक बाम गठबन्धनलाई भोट नदिए जनताले पाँच बर्ष दु:ख पाउनुपर्ने बताएकि छन् ।

मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका १, नयाँ गाउँमा बुधबार आयोजित चुनाबी कोणसभामा बोल्दै उनले यस्तो बताएकी हुन् । मोक्तानले गठबन्धनलाई अमुल्य भोट दिएर विकास र समृद्धीका पक्षमा साथ दिन आग्रह गरिन् । 'देखेर बुझेपछि मात्र काम गर्ने हो, त्यसैले आज म गाउँको अवस्था बुझ्न गाउँ-गाउँमा पुगिराखेको छु,'उनले भनिन्, 'गठबन्धनलाई भोट हाल्न चुक्नुभयो भने ५ वर्ष दु:ख तपाईं हामीले पाउँछौ, विकास हुन सक्दैन ।' बागमती प्रदेशकी सामाजिक विकास मन्त्री समेत रहनुभएको उहाँले आफ्नो राजनितीको मुख्य उदेश्य नै गरिब निमुखाको जीवनस्तर उकास्नु रहेको भन्दै देश र जनताप्रति सदैव क्रियाशील रहने बताइन् । नेपाली काँग्रेसका केन्द्रीय महाधिवेशन प्रतिनिधि जमान सिं वाईबाले लोकतान्त्रिक बाम गठबन्धन सरकारको पहलमै बजेट विनियोजन भएर उक्त क्षेत्रमा अति समस्याको रुपमा रहेको खानेपानीको व्यवस्था गर्न सफल भएकाले जनताले उचित मुल्याङ्कन गर्नुपर्नेमा जोड दिए ।



कार्यक्रममा माओवादी केन्द्रका बागमती प्रदेश सदस्य ईन्द्रबहादुर श्रेष्ठ, बागमती प्रदेश परिषद सदस्य विनायक गोले, नेकपा एकीकृत समाजवादीका मकवानपुर सहसचिव जीवन लामा, नेपाली काँग्रेस मकवानपुरकी जिल्ला सदस्य सुमित्रा लामा, ईन्द्रसरोबर गाउँपालिका १ का वडा अध्यक्ष सुवास आले मगर लगायतले लोकतान्त्रिक बाम गठबन्धनलाई भोट दिएर जिताउँनुपर्नेमा जोड दिएका थिए । कार्यक्रम नेपाली काँग्रेस ईन्द्रसरोबर गाउँपालिकाका सभापती विश्वलाल लामाको अध्यक्षतामा भएको थियो ।


**Makawanpurgadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Makranchuli, Makawanpur**
**Date of first Publication:2079/07/24**
**Sealed Quotation No:01/MGRM/GOODS/SQ/2079-80**

1. **Makawanpurgadhi Rural Municipality** invites sealed quotations from registered Suppliers for the **"SUPPLY AND DELIVERY OF FABRICATED STEEL PARTS FOR DHOKAPHEDI TRAIL BRIDGE".**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their Sealed bid electronically, should deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   a. Name of the Bank: **Nabil Bank Limited**
   b. Account no.: **ग.१-१ आन्तरिक राजश्व खाता नं 22101017500055**
4. Electronic Sealed bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00Hours on 2079/08/09**. Bids received after this deadline will be rejected.
5. The Sealed bids will be opened in the presence of Bidders' representatives who choose to attend at **15:00hours of 2079/08/09** at Makawanpurgadhi Rural municipality Office of Rural Municipal Executive, Makranchuli, Makawanpur. Bids must be valid for a period of 4**5 days** after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format, amounting prescribed in the following table, which shall be valid for **30 days** beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in **नविलबैंकमा रहेको ग.३ स्थानियतह धरौटी खाता नं. 22101017500037** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

| S.n | Contract Id | Description of Works | Estimated Amount (NRs.)Excluding VAT | Bid Security Amount in NRs. | Bid Document Cost(NRs.) (Non Refundable) |
|---|---|---|---|---|---|
| 1 | 01/MGRM/GOODS/SQ/2079-80 | SUPPLY AND DELIVERY OF FABRICATED STEEL PARTS FOR DHOKAPHEDI TRAIL BRIDGE | 1132519.60/- | 29000/- | 1000/- |






**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना